# निष्क्रिय क्षय रोग (TB) सङ्क्रमणको उपचार, आइसोनियाजिड (Isoniazid) अनि रिफापेन्टिन (Rifapentine) (INH-RPT)

तपाईंलाई निष्क्रिय क्षय रोग सङ्क्रमण, LTBI भएको छ भनी तपाईंका जाँचहरूले देखाएका छन्। यसको अर्थ के हो भने तपाईंको शरीरमा क्षय रोगका कीटाणुहरू छन् अनि यसले तपाईंलाई बिमार बनाउन सक्छ।

क्षय रोगका यी कीटाणुहरूले तपाईंलाई नोक्सान पुऱ्याइरहेका छैनन् अनि यो अन्य मानिसहरूमा सर्न सक्दैन। यो कीटाणुहरू सुप्तावस्थामा रहेको स्थितिसरह नै हो। क्षय रोगका यी कीटाणुहरू जागेको खण्डमा, तिनीहरूले तपाईंलाई बिमार बनाउन सक्छ। यो अवस्थालाई सक्रिय क्षय रोग भनिन्छ। तपाईंलाई सक्रिय क्षय रोग भएको छ भने तपाईंबाट अन्य व्यक्तिहरू सङ्क्रमित हुन सक्छन्।

## सक्रिय क्षय रोगको म कसरी रोकथाम गर्न सक्छु?

सक्रिय क्षय रोगद्वारा ग्रस्त हुनुबाट जोगिनको लागि तपाईंले औषधी लिन सक्नुहुन्छ। आइसोनियाजिड **(**Isoniazid**)** अनि रिफापेन्टिन (Rifapentine) (INH-RPT) यी दुवैको उपयोग निष्क्रिय क्षय रोग सङ्क्रमण, LTBI –को उपचार निम्ति एकसाथ गरिन्छ। यसले क्षय रोगका सुपतावस्थामा रहेका कीटाणुहरूलाई तिनीहरूले तपाईंलाई बिमार बनाउनभन्दा पहिले नै मार्छ। क्षय रोगका यी कीटाणुहरू शक्तिशाली भएको हुनाले तिनीहरूलाई मार्नको लागि औषधीलाई कैयौं महिनाहरू लाग्न सक्छ।

तपाईंले INH-RPT प्राप्त गर्न र लिनको लागि 12 साताहरूसम्म सातामा एक दिन भेट्नुपर्नेछ। खाना विना आफ्नो औषधी लिनु सर्वोत्तम हो। यदि तपाईंको पेट बिग्रिएको छ भने अलिकता भोजनका साथ औषधी लिनुहोस्।

## मैले बिमारीको अनुभव गरेकै छुइन भने मैले किन औषधी खानुपर्छ?

क्षय रोगका सुप्तावस्थामा रहेका कीटाणुहरूलाई तिनीहरू जागेर तपाईंलाई बिमार बनाउनभन्दा पहिले नै मार्नु धेरै सजिलो हुन्छ।

## मैले औषधी खाइन भने के हुनेछ?

यदि तपाईंले INH-RPT लिनुभएन, धेरै दिनसम्म लिनु बन्द गर्नुभयो, वा तपाईंका डक्टर वा नर्सले भन्नुभन्दा पहिले नै औषधी लिन बन्द गर्नुभयो भने तपाईं सक्रिय क्षय रोगले ग्रस्त हुन सक्नुहुन्छ। तपाईं र तपाईंको परिवारलाई स्वस्थ राख्नको लागि क्षय रोगका कीटाणुहरूलाई मार्नु जरूरी छ।

## मैले BCG –को खोप लगाएको छु भने के हुनेछ?

BCG –ले शिशुहरूलाई क्षय रोगका भयानक प्रकारहरूबाट बचाउँछ तर केवल केही वर्षहरूको लागि मात्रै। यसले निष्क्रिय क्षय रोग सङ्क्रमण, LTBI वा सक्रिय क्षय रोगबाट तपाईंलाई बचाउन सक्दैन। तपाईंले BCG लगाउनुभएको छ भनेपनि, तपाईंले स्वयम् अनि अरूहरूको सुरक्षा निम्ति LTBI औषधी खानुपर्छ।

## यदि म INH-RPT –को खर्च उठाउन सक्दिन भने के हुनेछ?

मिन्नेसोटा स्वास्थ्य विभाग क्षय रोग कार्यक्रम (Minnesota Department of Health Tuberculosis Program) बाट सित्तैंमा क्षय रोगको औषधी प्राप्त गर्नको लागि आफ्नो डक्टर वा नर्सलाई भन्नुहोस्।

## म बाहिर गइरहेको छु भने के हुनेछ?

अन्य राज्य वा शहरमा जानभन्दा पहिले आफ्नो डक्टर वा नर्सलाई भन्नुहोस्। तपाईंलाई उनीहरूले क्षय रोगको औषधी निरन्तर प्राप्त गर्नमा सहायता गर्न सक्छन्।

## निष्क्रिय क्षय रोग सङ्क्रमण, LTBI –को औषधी सेवनको बारेमा मैले के जान्नुपर्छ?

- आफ्नो निष्क्रिय क्षय रोग सङ्क्रमण, LTBI –को उपचार समाप्त नभइञ्जेल बीयर, वाइन, वा रक्सी नखानुहोस्। रिफामपिन लिइरहेको बेलामा रक्सी खाँदा तपाईंको कलेजोलाई नोक्सान पुग्न सक्छ।
- तपाईंले खाइरहनुभएका अन्य औषधीहरूको बारेमा आफ्नो डक्टरलाई बताउनुहोस्।
- INH-RPT लिइरहेको बेलामा गर्भवती हुनुबाट बाँच्नुहोस्। यदि तपाईं गर्भवती हुनुभयो भने तुरन्तै आफ्नो डक्टर वा नर्सलाई बताउनुहोस्।

**अधिकांश मानिसहरूलाई INH-RPT लिँदा कुनै समस्याहरू हुँदैनन्। कतिपय मानिसहरूलाई निम्न समस्याहरू हुन सक्छन्:**

- तीन दिनभन्दा अधिक समयसम्म ज्वरो
- खानमा अरूचि वा थकानको अनुभव
- पेट बिग्रिनु वा उल्टी
- पेटमा पीडा
- केही कालो पिसाब (चिया वा कफीको रङ्गको)
- पहेंलो छाला वा आँखाहरू
- छालामा डाबर वा चिलाउनु
- हात वा खुट्टाहरू लाटिनु वा झमझमाउनु

**यदि तपाईंलाई यीमध्ये कुनैपनि समस्याहरू छन् भने:**

1. आफ्नो औषधी लिन बन्द गर्नुहोस्।
2. तुरन्तै आफ्नो डक्टर वा नर्सलाई बताउनुहोस्। अर्को एपोएन्टसम्मको लागि प्रतीक्षा नगर्नुहोस्।



तपाईंको डक्टर वा नर्सले दिएका निर्देशहरूअनुसार **औषधी लिनुहोस्।** तपाईंले धेरै दिनहरूसम्म औषधी लिनुभएन भने, औषधीले काम नगर्न पनि सक्छ।

**आफ्ना सबै मेडिकल एपोएन्टमेन्टहरूमा उपस्थित रहनुहोस्।** तपाईंको उपचार राम्ररी अगाडि बढिरहेको छ भनी सुनिश्चित गर्नमा तपाईंको डक्टर वा नर्सले मद्दत गर्नेछन्।

मेरो आगामी क्षय रोग औषधी सेवनसम्बन्धी एपोएन्टमेन्ट:

तारिख:

समय:

डक्टर वा नर्स:

स्थान:

फोन:




Minnesota Department of Health
Tuberculosis (TB) Prevention and Control Program
P.O. Box 64975, St. Paul, MN 55164-0975
651-201-5414
www.health.state.mn.us/tb